मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क १७९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ असार २७ गते शुक्रबार ❑ 11 July 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## कर्मचारीलाई योगदानमा आधारित निवृत्तभरणमा लैजान माग


पोखरापत्र संवाददाता


पोखरा, २६ असार

स्थानिय तह र प्रदेशका कर्मचारीलाई पनि योगदानमा आधारित निवृत्तभरणमा लैजान माग गरिएको छ।

संघिय सरकार अर्न्तगतका कर्मचारीलाई योगदानमा आधारित निवृत्तभरणमा लगेको अबस्थामा बाँकी रहेका स्थानिय तह र प्रदेश सरकारका कर्मचारीलाई समेत योगदानमा आधारित निवृत्तभरणमा लैजान पोखरामा आयोजित एक कार्यक्रमबाट माग गरिएको हो। कर्मचारी सञ्चय कोष, शाखा कार्यालय, पोखराले गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको समन्वय र सहयोगमा योगदानमा आधारित निवृत्तभरण योजना सम्बन्धी प्रदेशस्तरीय हालै पोखरामा आयोजना गरेको छलफलतथाअन्तरक्रियाकार्यक्रमबाट स्थानिय र प्रदेशमा आबद्ध सरकारीकर्मचारीहरुकोयोगदानमा आधारित निवृत्तभरणमा लैजान माग गरिएको कर्मचारी सञ्चय कोष, शाखा कार्यालय प्रमुख मदन सुवेदीले बताउनु भयो।




संघीय सरकार अन्तर्गत कोषले सफलतापूर्वक निवृत्तभरण योजना सञ्चालन गर्दै आएको दाबी गर्दै उहाँले आफुहरुसंग ६३ बर्ष काम गरेको अनुभवले पनि अब प्रदेश सरकार तथा स्थानीय तहले पनि कानुन निर्माण गरी एकरूपता कायम गर्नुपर्ने बताउनु भयो। कोष सक्षम र सबल भएकोले गण्डकी प्रदेशले ऐन निर्माण गरेमा सोको कार्यान्वयनको जिम्मा कोषले सम्हाल्न तयार रहेको विहिबार पोखरामा आयोजित पत्रकार भेटघाट कार्यक्रममा प्रमुख सुवेदीले दाबी गर्नुभयो। प्रमुख सुवेदीले कर्मचारी सञ्चय कोषले कल्याणकारी राज्यको सिद्धान्त अनुसार कर्मचारीहरुको सामाजिक सुरक्षा तथा निवृत्तभरण सुनिश्चित गर्न सरकारसँग सहकार्य गर्दै आइरहेको र आगामी दिनमा पनि निरन्तर सहकार्य गरिरहने प्रतिवद्धता जनाउनुभयो। राज्यले पछिल्लो समयमा ल्याएको सामाजिक सुरक्षाकोषमै सबै कर्मचारीलाई पनि आबद्ध गराउदा के हुन्छ भन्ने पत्रकारको जिज्ञासामा आफुहरु पूरानो सस्था भएकोले हालसम्मकै अब्बल भएको र कर्मचारीहरुको सेवा सुविधामा कुनै कन्जुसाई नगर्ने पोखरा शाखाका सहायक प्रबन्धक सचिन सापकोटाले बताउनु भयो। आफुहरुले सरकारी कर्मचारीहरुको बढी सेवा सुविधामा केन्द्रित भएकोले अनौपचारिक तथा नीजि क्षेत्रको लागि उक्त सामाजिक सुरक्षाकोष उपयुक्त हुने उहाँको भनाई थियो।

हालै पोखरामा सम्पन्न भएको उक्त कार्यक्रममा सम्बोधन गर्दै प्रमुख अतिथि गण्डकी प्रदेशका प्रमुख सचिव डा.खगेन्द्रप्रसाद सुवेदीले संघीय सरकारले २०७५ सालमै ऐन ल्याई लागू गरिसकेको स्मरण गराउँदै प्रदेश र स्थानीय तहले पनि सोही अनुरूप ऐन निर्माण गरी अविलम्ब लागू गर्नुपर्नेमा जोड दिनुभएको थियो।

आगामी आर्थिक वर्ष २०८२/८३ को संघीय बजेटमा समावेश एक लाख आवास योजना अन्तर्गत कोषले आयोजना निर्माण गरी वितरण गर्नुपर्ने जनाउनु भयो। "योगदानमा आधारित निवृत्तभरण योजना" को कार्यपत्र कोषका सामाजिक सुरक्षा विभाग प्रमुख विरेन्द्र पौडेलले प्रस्तुति गर्नुभएको थियो।

उक्त कार्यक्रममा गण्डकी प्रदेश सरकार अन्तर्गत विभिन्न मन्त्रालय, आयोग, प्रदेश सभा सचिवालय, निर्देशनालय, तथा मुख्य न्यायाधिवक्ताको कार्यालयका सचिव, निर्देशक र उपसचिवहरूको समेत उपस्थिति रहेको थियो।

## हिमताल विस्फोटबाटै रसुवामा बाढी


रासस


काठमाडौं, २६ असार

जल तथा मौसम विज्ञान विभागले हिमताल विस्फोटबाटै गत मङ्गलबार बिहान रसुवास्थित नेपाल-चीन सीमामा रहेको ल्हेन्दे खोलामा बाढी आएको प्रारम्भिक निष्कर्ष निकालेको छ।

विभागले 'सेन्टिनेल' उपग्रहबाट गरेको अध्ययनले हिमताल फुटेर बाढी सिर्जना भएको जनाएको छ। विभागका बाढीविद् विनोद पराजुलीले 'सुप्राग्लेशियल' ताल फुट्दा बाढी आएको प्रारम्भिक अनुमान गरिएको जानकारी दिनुभयो।

" र सु वा ग ढी स्थि त नेपाल-चीन सीमाबाट करीब ३६ किलोमिटरमाथि (अक्षांशः २८.४०४३, देशान्तरः ८५.६४६९, समुद्री सतहदेखि करिब ५१५० मिटर उचाइ) ल्हेन्दे खोलाको माथिल्लो जलाधार क्षेत्रमा पर्दछ। हिम नदीको करिब बीच भूभागमा विकास भएको सुप्राग्लेशियल ताल (हिमताल) करिब ०.७५ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको देखिन्छ", उहाँले भन्नुभयो, "उक्त हिमतालको क्षेत्रफल करिब ०.६० वर्ग किलोमिटर मात्र देखिएको छ। बाढीको घटना हुनुपूर्व र घटना भइसकेपछिको तालको क्षेत्रफलमा परिवर्तन भएको देखाएको छ। अध्ययनले उक्त समयावधिमा तालबाट पानी निकास भएको र त्यसको प्रभाव तालको तलको क्षेत्रमा परेको देखिएको छ।"

पराजुलीका अनुसार यस सम्बन्धमा मित्रराष्ट्र चीनबाट थप स्थलगत प्रतिवेदन प्राप्त हुने अपेक्षा गरिएको छ। साथै आगामी दिनमा भू-उपग्रहमार्फत प्राप्त हुन सक्ने अन्य तस्बिरहरुले थप पुष्ट्याइँ दिन सक्नेछ। जल तथा मौसम विज्ञान विभागले निरन्तर अध्ययन जारी राख्ने उहाँको भनाइ छ। "बाढी पूर्व र बाढीपछिको अवस्थाबीच उल्लेखनीय अन्तर देखिएको र विशेष गरी तालको क्षेत्रफल उल्लेख्य रूपमा घटेको देखिएको छ, जसअनुसार उक्त हिम तालबाट पानी निकास भएको देखिन्छ", उहाँले भन्नुभयो।

अन्तरराष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) का वैज्ञानिकहरुले चीन-नेपाल सीमाको ल्हेन्दे खोलामा बनेको सुप्राग्लेशियल ताल फुटेर रसुवाको भोटेकोशीमा बाढी आएको पुष्टि गरेका छन्।

## एनपिएल आयोजनाको तयारीमा ध्यान दिन राखेपलाई प्रधानमन्त्रीको आग्रह


रासस


काठमाडौं, २६ असार

प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाल प्रिमियर लिग (एनपिएल)को आयोजनाको तयारी अगाडि बढाउन राष्ट्रिय खेलकुद परिषद् (राखेप)लाई आग्रह गर्नुभएको छ।

राखेपद्वारा सादोबाटोस्थित अन्तरराष्ट्रिय खेलकुद परिषद्मा निर्मित 'नेशनल हाइ पर्फमेन्स सेन्टर एण्ड स्पोर्टस् साइन्स रिसर्च सेन्टर'को उद्घाटन कार्यक्रममा प्रधानमन्त्री ओलीले 'टिम स्पिरिट'का साथ एनपिएल आयोजनाको तयारी अगाडि बढाउने काममा ध्यान दिन परिषद्लाई निर्देशन दिनुभयो।

नेपाल क्रिकेट सङ्घ (क्यान)ले आयोजना गर्न लागेको दोस्रो संस्करणको एनपिएल आयोजनामा देखिएको अन्योललाई चिर्दै प्रधानमन्त्री ओलीले खेल क्षेत्रमा कुनै पनि राजनीतिक नगर्न सबैलाई आग्रह गर्नुभयो। उहाँले नेपालको खेल क्षेत्र आम्दानी र व्यवसायको क्षेत्र पनि हो भन्ने स्थापित हुने स्थिति बन्दै गएको बताउनुभयो।

आफूले हालै स्पेन भ्रमणका क्रममा रियल म्याड्रिडको स्टेडियम हेरेर आएको स्मरण गर्दै प्रधानमन्त्री ओलीले दशरथ रङ्गलाशाको क्षमता कम भएकाले भक्तपुरको सूर्यविनायकमा कम्तीमा ५० हजार दर्शक अट्ने रङ्गशाला बनाउने घोषणा गर्नुभयो। प्रधानमन्त्री ओलीले १०औँ राष्ट्रिय खेलकुद प्रतियोगिताको मिति अब पनि सार्ने काम भएमा राष्ट्रिय लज्जाको विषय हुने भएकाले आगामी मङ्सिरमा प्रतियोगिता गर्न परिषद्लाई निर्देशन दिनुभयो। आगामी मङ्सिर २ देखि ९ गतेसम्म सुर्खेतको वीरेन्द्रनगरमा १०औँ राष्ट्रिय खेलकुद प्रतियोगिताको मिति तय भएको छ। युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले सरकारले खेल क्षेत्रको पूर्वाधार विकासका साथै प्रोत्साहनका लागि काम भइरहेको बताउनुभयो। परिषद्का उपाध्यक्ष ध्रुव आचार्यले राष्ट्रिय खेलकुद प्रतियोगिता र जापानमा हुने २० औँ दक्षिण एसियाली खेलकुदमा नेपालले राम्रो तयारीका साथ प्रस्तुत हुने बताए।

## चार देशका प्रतिनिधि जलवायु स्मार्ट बाली संरक्षणमा केन्द्रीत


पोखरापत्र संवाददाता


पोखरा, २६ असार

कृषि विज्ञहरुले जैविक विषादी प्रयोग गर्दा किरा कम लाग्ने र उत्पादन बृद्धि हुने बताएका छन्।

पोखराको वाटरफन्ट रिसोर्टमा विहिबारदेखि सुरु भएको ' प्राकृतिक समाधानहरुमा केन्द्रित जलवायु स्मार्ट बाली संरक्षण' सम्बन्धी क्षेत्रीय प्रशिक्षण तथा कार्यशाला गोष्ठीमा सहभागि कृषि विज्ञहरुले रसायनिक बिषदी भन्दा जैविक बिषादी प्रयोग गर्न सुझाव दिदै त्यसले किरा कम लाग्नुका साथै उतपादन बृद्धि हुने दाबी गरेका हुन्। शुक्रबारसम्म पोखरामा संचालन हुने उक्त कार्यक्रममा नेपाल सहित ४ देशका प्रतिनिधि जलवायु स्मार्ट बाली संरक्षणमा केन्द्रित हुने गरी छलफलमा जुटेका छन्।

गण्डकी प्रदशकी भूमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्री पद्मा जिसीले बिहीबार कार्यक्रमको उद्धाटन गर्दै दीगो र आत्मनिर्भर कृषि प्रणालीका लागि जैविक विषादी प्रयोग अनिवार्य सर्त बताउदै यसलाई




सरकारले प्रोत्साहन गर्ने जनाइन्।

रासायनिक विषादी प्रयोग घटाएर जैविक विषादी प्रयोग नगर्ने हो भने थप संकट निम्तिने तर्क गर्दै उनले जैविक विविधतापूर्ण गण्डकी प्रदेशमा रासायनिक विषादीको प्रयोगले उत्पादनमा ह्रास आउने दाबी गरिन्। जलवायु परिवर्तन, विषादीयुक्त खाद्य पदार्थ सेवनका कारण स्वास्थ्यमा नकारात्मक असर देखा परेको मन्त्री जिसीले जनाइन्। प्राकृतिक श्रोत व्यवस्थापन क्याम्पस पुरुञ्चौर कास्कीकी क्याम्पस प्रमुख प्रा.डा. दुर्गा देवकोटाले रसायनिक बिषादीको अत्याधिक प्रयोगले पर्यावरणसँगै मानव स्वास्थ्यमा असर परिरहेको बताइन्। किसानले जानेर होस् वा नजानेर रासायनिक विषादीको प्रयोग बढाउँदै लगेको उनको जनाइन्। वनस्पती क्वारेन्टाईन तथा कीटनाशक व्यवस्थापन केन्द्रका प्रमुख भोजराज सापकोटाले नेचर बेस सोलुसन अहिलेको आवश्यक्ता भएको बताउदै जलवायु संकट मात्र होईन, वातावरण प्रदुर्षण, मानव स्वास्थ्यमा नकारात्म्क असरसँगै खाद्य संकटपनि निम्तिन सक्ने दाबी गरे।

कार्यशालामा नेपाल सहित ४ देशका जैविक विषादीको क्षेत्रमा काम गरिरहेका विज्ञहरुको सहभागिता रहेको गण्डकी प्रदेश भूमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिव वासुदेव रेग्मीले बताए। कार्यक्रममा नेपाल सहित, बंगलादेश, भियतनाम र भुटानका प्रतिनिधिहरु सहभागी छन्।

सचिव वासुदेव रेग्मीले जैविक विषादीको नमूना फार्मका रुपमा पोखरा-१३ दुईकुलाको मुहानमा टमाटर तथा पोखरा-२१ निर्मलपोखरीमा सुन्तला फार्मलाई अगाडि बढाइएको बताए। सो फार्महरुले जैविक विषादीबाटै उत्पादन बढाउन सफल भएको बताउँदै यसलाई अन्य ठाउँमापनि बिस्तार गर्नका लागि कार्यशाला उपयोगी हुने विश्वास व्यक्त गरे।

कार्यक्रममा पोखरा-१३ दुईकुलाको मुहानमा चौधरी कृषि फार्म सञ्चालन गर्दै आएकी सकुन्तला चौधरीले आफूहरुले जैविक विषादी प्रयोग गरेर राम्रो उत्पादन गरिरहेको बताईन्। राज्यले सहयोग गर्ने भनेको त यस्तै त होनि भने पछि कार्यक्रममा सहभागिहरुबाट हाँसेका थिए।

जैविक विषादी प्रयोग गरिएका नमूना फार्महरुको पनि स्थलगत अवलोकन गरिने केन्द्रीय कृषि प्रयोगशाला ललितपुरकी प्रमुख डा.शान्ता कार्कीले बताइन्।

## पहिरोमा बेपत्ता बालकको शव भेटियो


पोखरापत्र संवाददाता


म्याग्दी, २६ असार

म्याग्दीको मालिका गाउँपालिका-३ लुम्पीपारको पहिरोमा पुरिएर बेपत्ता भएका थप एक बालकको शव भेटिएको छ।

घाँस काट्न पाखोबारीमा गएका मालिका-३ लुप्सीपारका १३ वर्षीय सरोज विकको शव आज भेटिएको हो। उनी बुधबार दिउँसो पहिरोमा पुरिएर बेपत्ता भएका थिए। नेपाल प्रहरी, शसस्त्र प्रहरी बल, जनप्रतिनिधी र स्थानीयवासीको संयुक्त टोलीले बिकको शव फेला पारेका मालिका गाउँपालिकाका अध्यक्ष बेगप्रसाद गर्बुजाले जानकारी दिनुभयो। उक्त पहिरोमा पुरिएर सरोजका बुवा ३५ वर्षीय जगेन्द्र विकको पनि मृत्यु भएको थियो। घर नजिकैको पाखामा दिउँसो घाँस काट्ने क्रममा माथिबाट पहिरो खसेर उनिहरुलाई पुरेको प्रहरी निरीक्षक सागर पौडेलले बताउनुभयो।


सीप सिकौं, आत्मनिर्भर बनौं

शैक्षिक सत्र २०८२/८३ को लागि पूर्ण रोजगार एवं व्यवसायमूलक प्राविधिक शिक्षामा भर्ना खुल्यो

» Diploma in Computer / IT Engineering
» Diploma in Civil Engineering
» 18 Months Pre-Diploma in Civil Engineering

हाम्रा विशेषताहरु:
- सरकारी तथा गैर सरकारी रोजगारदाताहरुसँग समन्वय गरी पूर्ण रोजगारको सिर्जना गरिने।
- जीवनभरी आफ्नो प्राविधिक सिपको उपयोग भइरहने।
- प्राविधिक विषयमा आफ्नै कलेज वा अन्य कलेज तथा वैदेशिक विश्वविद्यालयमा डिग्री लिन सकिने।
- जेहेन्दार, छात्रा, दलित, जनजाति, मदेशी, मुस्लिम, गरीब समुदायका र SEE मा उच्च अंक ल्याएका विद्यार्थीहरुलाई विशेष छात्रवृत्तिको व्यवस्था।

न्यूनतम शैक्षिक योग्यता: SLC वा SEE परीक्षामा अनिवार्य गणित, विज्ञान र अंग्रेजी विषय लिइ न्यूनतम १.६ ल्याएका विद्यार्थीहरु।

अन्तिम मिति: २०८२ श्रावण ११ गते सम्म
कक्षा संचालन: २०८२ श्रावण १३ गतेबाट

विस्तृत जानकारीको लागि:
पोखरा ईन्जिनियरिङ कलेज
पोखरा-८, फिर्के। फोन नं. ०६१-५७५९२६, ५८१२०९, ९८४६५५०३४७
www.pec.edu.np

# क्लबस्तरीय भलिबलमा घान्द्रुक क्रोम्छे शिर्ष स्थानमा

**पोखरापत्र संवाददाता**
पोखरा, २६ असार

पोखराको नदिपुरमा जारी क्लबस्तरीय पुरुष तथाभेट्रान्सभलिबलप्रतियोगितामा क्लबस्तरीयतर्फ घान्द्रुक क्रोम्छे शिर्ष स्थानमा उक्लिएको छ।

पोखरा-३ नदिपुर छन्त्याल समाजको भलिबल कोर्टमा भएको लिग चरणको सातौ खेलमा घान्द्रुक क्रोम्छेले आधिखोला न्यु दिल्लीलाई ३-१ को सेटमा पराजित गर्दै लिगको शिर्ष स्थानमा उक्लिएको हो।

घान्द्रुकले आधिखोलालाई २६-२४, १२-२५, २५-२३ र २५-२३ ले पराजित गऱ्यो । लिगको शिर्ष स्थानमा उक्लिएको घान्द्रुकको ४ खेलमा ९ अङ्क छ। यस्तै आधिखोला ६ अङ्कसहित दोस्रो स्थानमा छ।

यस्तै आज भएको लिगको आठौ खेलमा एपिएफले ठकुरी समाजलाई ३- १ को सेटमा नै पराजित गरेको छ । एपिएफले ठकुरी समाजलाई २५-२०, २०-२५, २५-२० र २८-२६ले पराजित गऱ्यो । एपिएफ ६ अङ्कसहित तेस्रो स्थानमा छ । आधिखोला र एपिएफको समान ६/६ अङ्क भएपनि सेटको आधारमा आधिखोला दोस्रो स्थानमा छ।

यस्तै ढुङ्गे देउराली क्लब पौवेगौवे स्याङ्जा चौथो र ठकुरी समाज पाँचौ स्थानमा रहेको छ।



लिगको शिर्ष स्थान र चौथो स्थानमा रहने टिमले पहिलो सेमिफाइनल र लिगको दोस्रो र तेस्रो स्थानमा रहने टिमले दोस्रो सेमिफाइनलमा फाइनल प्रवेशका लागि प्रतिस्पर्धा गर्नेछ।

भेट्रान्सतर्फ क्वाटरफाइनलको एक खेल बाँकी लामा अमृत फाउण्डेशन घान्द्रुकले आयोजना गरेको तेस्रो क्लबस्तरीय पुरुष तथा भेट्रान्स भलिबल प्रतियोगिताको भेट्रान्सतर्फ शुक्लागण्डकी, पोखरा भेट्रान्स र अर्चलबोट भेट्रान्स सेमिफाइनलमा स्थान पक्का गरेको छ । यस्तै अन्तिम क्वाटरफाइनल खेल होटल ल्याण्ड सिक्लेस भेट्रान्स र किङ्स युनाटेडको खेल शुक्रबार हुनेछ।

लामा अमृत फाउण्डेशन घान्द्रुकका संस्थापक अमृत गुरुङले शुक्रबार लिग चरण र भेट्रान्सतर्फका खेल हुने बताए । प्रतियोगिता असार २८ गतेसम्म सञ्चालन हुनेछ । प्रतियोगिताको विजेताले १ लाख २५ हजार, उपविजेताले ७५ हजार, तेस्रो हुनेले ३० हजार र सान्त्वना स्थान हासिल गर्नेले १५ हजार रुपैयाँसहति मेडल, प्रमाणपत्र र ट्रफी प्राप्त गर्नेछन् । यस्तै भेट्रान्सतर्फको विजेताले ५० हजार र उपविजेताले २५ हजारसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन्।

प्रतियोगिताको विधागतर्फ उत्कृष्ट खेलाडी, स्पाइकर, मिडल ब्लकर, डिफेन्डर, सेटर,सर्भर, उदियमान खेलाडी र प्रशिक्षकले पुरस्कार प्राप्त गर्नेछन्।

क्लबस्तरीय पुरुष भलिबल प्रतियोगिता राउण्ड रोविनको आधारमा सञ्चालन भइरहेको छ । प्रतियोगितामा आयोजना गरिएको भेट्रान्सतर्फका खेल भने नकआउटको आधारमा सञ्चालन भएको छ। फाउण्डेशनले २०७५ र ०७६ सालमा पहिलो र दोस्रो संस्करणको प्रतियोगिता सञ्चालन गरेको थियो।



फेवातालमा पर्यटकः पोखराको प्रसिद्ध फेवातालको बीचमा अवस्थित धार्मिक पर्यटकीय तीर्थस्थल तालबाराही मन्दिरमा दर्शन गर्न डुङ्गा सयर गरेर जाँदै दर्शनार्थी। तस्बिरः वासुदेव पौडेल /रासस

# नारायणी भण्डारी प्रदेशबाट वर्ष खेलाडी सम्मानित, १३ खेलाडी र दुई खेल संघलाई सम्मान

**पोखरापत्र संवाददाता**
पोखरा, २६ असार

१५ औं केन्द्रिय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा कीर्तिमान सहित उत्कृष्ट प्रदर्शन गरेकी एथलेटिक्स खेलाडी नारायणी भण्डारीलाई प्रदेश खेलकुद परिषद् गण्डकीले वर्षको सर्वोत्कृष्ट खेलाडीको रुपमा सम्मान गरेको छ।

बुधबार आयोजित एक विशेष समारोहमा भण्डारी सहित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा पदक जितेका ९३ जना खेलाडी र दुई खेल संघलाई नगदसहित सम्मान प्रदान गरेको प्रदेश खेलकुद परिषद गण्डकीका सदस्य सचिव श्रीधर शर्माले बताए।

नारायणीले २०८२ सालको जेठ २९ गते काठमाडौंमा सम्पन्न राष्ट्रपति रनिङ शिल्ड अन्तर्गत छात्रा ८ सय मिटर दौड २ मिनेट १७.९ सेकेन्डमा पुरा गर्दै २५ वर्ष अघिको टिका चौधरीको कीर्तिमान भंग गरेकी थिइन्। उनले सो प्रतियोगितामा १५ सय मिटर दौडमा स्वर्ण तथा रिले दौडमा रजत पदक समेत जितेकी थिइन । उत्कृष्ट खेलाडीको रुपमा उनले नगद ४३ हजार रुपैयाँ पुरस्कार स्वरूप प्राप्त गरिन् । समारोहमा वर्षको उत्कृष्ट खेल संघको रुपमा प्रादेशिक क्रिकेट संघलाई नगद एक लाख रुपैयाँसहित सम्मान गरिएको छ भने उत्कृष्ट खेल संघकै अर्को विधामा प्रदेश हक्की संघलाई ५० हजार रुपैयाँ नगद सहित सम्मान पत्र प्रदान गरिएको परिषदले जनाएको छ।

प्रदेश खेलकुद परिषदले आर्थिक वर्ष २०८१र०८२ मा राष्ट्रिय, अन्तर्राष्ट्रिय, जुनियर यू–१४ तथा राष्ट्रपति रनिङ शिल्ड खेलमा पदक जितेका खेलाडीहरूलाई नगदसहित सम्मान प्रदान गरेको हो। यस्तै, प्रदर्शनको आधारमा खेलाडीहरूलाई छात्रवृत्ति समेत दिइएको परिषदका सदस्य शर्माले उल्लेख गरे । उनका अनुसार अन्तर्राष्ट्रिय स्तरमा पदक जितेका १६ खेलाडीले जनही १७ हजार रुपैयाँ र सहभागिता जनाउने खेलाडीहरूले १० हजार रुपैयाँ पाएका छन्।

स्नातक तहमा अध्ययनरत पदक विजेता ४ जनाले जनही २७ हजार, कक्षा ११र१२ मा अध्ययनरतले २२ हजार र कक्षा १० सम्मका २१ जना जुनियर खेलाडीले १७ हजार रुपैयाँका दरले छात्रवृत्ति प्राप्त गरेका छन्।

राष्ट्रिय प्रतियोगितामा स्वर्ण पदक विजेताले १७ हजार, रजत जित्नेले १५ हजार र कास्य पदक प्राप्त गर्नेले १३ हजार रुपैयाँ नगद प्राप्त गरेका छन् । कार्यक्रममा परिषदका उपाध्यक्ष धोज कुमार गुरुङ, सदस्य सचिव श्रीधर शर्मा र सदस्य विनय थापाले खेलाडी तथा संघहरूलाई सम्मान गरेका थिए। उपाध्यक्ष गुरुङले गण्डकी प्रदेशको खेलकुद इतिहासमा यो कार्यक्रम एक महत्वपूर्ण फड्को भएको भन्दै यसको प्रभाव आगामी पुस्तामा सकारात्मक रुपमा पर्ने विश्वास व्यक्त गरे। सदस्य सचिव शर्माले भने सीमित बजेटका कारण सोचेजस्तो गति नपाएको खेलकुद विकास आगामी वर्षमा तीव्र पारिने बताए।

यो सम्मान समारोहमा परिषदले जम्मा १८ लाख ५० हजार रुपैयाँ खर्च गरेको जनाएको छ।

सम्मानित हुने खेलाडीहरूमा विश्वास अधिकारी (भलिबल, रजत, माल्दिभ्स), विजय महत्तो (सेपाक्ताक्रो, रजत, साउथ एसियन) बादल कार्की (एथलेटिक्स, काँस्य, पाकिस्तान), कुसुम गोदार, ज्योत्स्निका मरासिनी, सिमाना के.सी. रचना चौधरी (क्रिकेट, यू–१९, स्वर्ण) , सुबास भण्डारी, दिपक डुम्रे, अर्जुन कुमाल (क्रिकेट, यू–१९ पुरुष, स्वर्ण), सोयल कुँवर, सिब्रिन श्रेष्ठ, अपरिचित पौडेल, विशाल थापा मगर (कबड्डी, रजत), सुस्मिता थापा (तेक्वान्दो, बाग्लुङ), स्मृति गुरुङ (कराते, रजत, कोलम्बिया) लगायतका खेलाडीहरु नगद सहित सम्मानित भएका हुन् । प्रदेश खेृलकुद परिषदका उपाध्यक्ष धोजकुमार गुरुङ, सदस्य सचिव शर्मा लगायतले खेलाडीहरुलाई सम्मान गरेका हुन्।

# मनसुनजन्य विपद्बाट तनहुँमा ६६ हजार नागरिक प्रभावित हुने अनुमान

**पोखरापत्र संवाददाता**
दमौली, २६ असार

मनसुनजन्य विपद्बाट यस वर्ष तनहुँमा ६६ हजारभन्दा बढी नागरिक प्रभावित हुने अनुमान गरिएको छ । जिल्ला विपद् व्यवस्थापन समितिले तयार गरेको मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना-२०८२ बमोजिम जिल्लामा ६६ हजार तीन सय ५० जना प्रभावित हुने अनुमान गरिएको हो।


यस वर्षको मनसुनबाट प्रभावित हुने जनसङ्ख्या मुलुकभर १२ लाख ५० हजार अनुमान गरिएकामध्ये गण्डकी प्रदेशमा ६५ हजार छ सय ९९ परिवारका दुई लाख ८७ हजार एक सय प्रभावित हुने आँकलन गरिएको विपद् व्यवस्थापन समितिका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी रामकृष्ण अधिकारीले जानकारी दिनुभयो।

मनसुनजन्य जोखिमको हिसाबले गण्डकी प्रदेशमा तनहुँलाई पहिलो जोखिमयुक्त जिल्लाका रूपमा राखिएको उहाँको भनाइ छ। मनसुनजन्य विपद्बाट हुनसक्ने क्षतिलाई न्यूनीकरण गर्न जिल्लाको प्रतिकार्य क्षमताको वृद्धि गरी प्रभावितहरूको आपतकालीन आवश्यकतालाई समयमा प्रभावकारी र समन्वयात्मक ढङ्गबाट पूरा गर्न प्रतिकार्य योजना बनाइएको अधिकारीले उल्लेख गर्नुभयो । प्रतिकार्य योजनामा जिल्लाभित्रमा विगतमा घटेका मनसुनजन्य विपद्का घटना तथा सोबाट भएका क्षति विश्लेषण गरी प्राथमिकता निर्धारण गरिएको छ। विपद्मा खोज तथा उद्धारका लागि तत्काल परिचालित हुनु र प्रतिकार्यमा हुने ढिलाइ तथा अन्योलता हटाउन जिम्मेवार तथा सहयोगी निकायको स्पष्ट जिम्मेवारी तोकी प्रभावकारी समन्वय तथा सञ्चार कायम गरिएको प्रजिअ अधिकारीले बताउनुभयो।

उहाँका अनुसार जोखिमको प्राथमिकताका आधारमा व्यास नगरपालिकामा पहिरो पहिलो र बाढी दोस्रो, भानु नगरपालिकामा बाढी पहिलो र पहिरो दोस्रो, भिमाद नगरपालिकामा पहिरो पहिलो र बाढी दोस्रो, शुक्लागण्डकी नगरपालिकामा पहिरो पहिलो र बाढी दोस्रो निर्धारण गरिएको छ।

देवघाट गाउँपालिकामा बाढी पहिलो र पहिरो दोस्रो, बन्दीपुर गाउँपालिकामा पहिरो पहिलो र आगलागी दोस्रो, घिरिङ गाउँपालिकामा पहिरो पहिलो र बाढी दोस्रो, ऋषिङ गाउँपालिकामा पहिरो पहिलो र बाढी दोस्रो, आँबुखैरेनी गाउँपालिकामा पहिरो पहिलो र बाढी दोस्रो र म्याग्दे गाउँपालिकामा पहिरो पहिलो र बाढी दोस्रो निर्धारण गरिएको छ।

चालु आर्थिक वर्षमा मनसुनजन्य विपद्का घटनाहरूका आधारमा जिल्लामा जोखिमको प्राथमिकतामा पहिरो, बाढी, आगलागी, महामारी, चट्याङ, हावाहुरी र सुक्खा खडेरी रहेका प्रजिअ अधिकारीले जानकारी दिनुभयो । उहाँका अनुसार मनसुनजन्य विपद्का घटनामा उद्धार तथा राहतमा प्रयोग गर्न खुला स्थान र आश्रयस्थल तयारी अवस्थामा छन्।




# वडा कार्यालयमा आगलागी

**पोखरापत्र संवाददाता**
तनहुँ, २६ असार

यहाँको शुक्लागण्डकी नगरपालिका-११ को वडा कार्यालयमा विद्युत् चुहिएर बुधबार आगलागी हुँदा करिब रु आठ लाख बराबरको क्षति भएको छ। आगलागीबाट रु सात लाख ९८ हजार बराबरको क्षति भएको वडाध्यक्ष शालिकराम भट्टराईले बताउनुभयो।

आगोले ९० वटा कुर्सी, चार वटा दराज, सोफा, टेबल, एउटा फ्रिज नष्ट भएका छन्।

# मनास्लु पदमार्गमा लडेर एकजनाको मृत्यु

**पोखरापत्र संवाददाता**
गोरखा, २६ असार

मनास्लु पदमार्गमा लडेर एक पुरुषको मृत्यु भएको छ। मृत्यु हुनेमा चुमनुब्री गाउँपालिका-३ फिलिमका ३५ वर्षीय थरपुन गुरुङ रहेका छन्।

गुरुङको लार्केस्थित मनास्लु पदमार्गको गोरेटो बाटोबाट लडेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। उनी चुमनुब्री-४ नाम्रुङस्थित एउटा स्याउ बगैचामा काम गर्दैआएका थिए। स्याउ बगैचाबाट घर जान्छु भनी हिँडेका गुरुङ लार्केस्थित मनास्लु पदमार्गमा मृत फेला परेको प्रहरीले जनाएको छ।

९८ हजार बराबरको क्षति भएको वडाध्यक्ष शालिकराम भट्टराईले बताउनुभयो।

आगोले ९० वटा कुर्सी, चार वटा दराज, सोफा, टेबल, एउटा फ्रिज नष्ट भएका छन्।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

क्षमा दिनु दुश्मनमाथि विजय प्राप्त गर्नु हो । – हजरत अली

**सम्पादकीय**

# स्वास्थ्य उपकरणको अडिट

संघीय अस्पतालले आफ्ना उपकरणको अवस्थाबारे अडिट गरेर स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई बुझाउनुपर्ने भएको छ । अस्पतालहरूसँग भएका उपकरण तथा तिनको अवस्थाबारे यकिन विवरण नभएको भन्दै सघीय अस्पतालहरूले अनिवार्य रूपमा मेडिकल उपकरणको अडिट गर्नुपर्ने निर्णय मन्त्रालयले गरेको हो । हाल मन्त्रालयमा यसरी उपकरणको अवस्थाबारे तथ्यांक प्राप्त गर्ने व्यवस्था नै नभएकाले स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले चासो देखाएका थिए ।

अस्पतालहरूमा बिग्रिएर थन्किएका उपकरणबारे जानकारी लिएर मर्मतका लागि राष्ट्रिय आविष्कार केन्द्रलाई जिम्मा दिएका थिए । त्यसक्रममा कैयौं सामान्य खर्चमै मर्मत गर्न सकिने उपकरण थन्किएको पाइएको थियो । त्यसयता मन्त्रालयले उपकरणको अवस्थाबारे जानकारी प्राप्त गर्नका लागि विवरण प्राप्त गर्न पहल थालेको थियो । तीन वर्ष अघिदेखि नै प्रयास थालिए पनि मन्त्रालयको निर्णयले अब उपकरण लेखापरीक्षणको ढोका खुलेको हो ।

अब यस व्यवस्थाले उपकरणको सुरक्षा तथा मर्मत गर्नुपर्ने भए सो सम्बन्धी जानकारी मन्त्रालयले प्राप्त गर्ने र यसले अभिलेख व्यवस्थापनमा पनि सहज हुने मन्त्रालयको गुणस्तर मापन तथा नियन्त्रण महाशाखाको बुझाइ छ । उपकरणको स्थिति पहिचान, मर्मत आवश्यक भए नभएको जानकारी, सुरक्षा तथा स्टक व्यवस्थापन आदिमा यसले सघाउने मन्त्रालयको विश्वास छ । सामान्य मर्मत गर्न सकिने उपकरण भए पनि अस्पतालहरुले त्यसको मर्मतमा ध्यान नदिँदा नयाँ खरिदमा ठूलो धनराशी खर्च भइरहेको छ ।

हालै मन्त्रालयले राष्ट्रिय आविष्कार केन्द्रमार्फत गरिएको अध्ययनमा कैयौं सामान्य मर्मत गर्न सकिने उपकरण बिग्रिएर थन्किएको पाइएको थियो । केन्द्रले झन्डै २४ करोड लाग्ने ती उपकरण २३ लाखमा मर्मत गरिएको विवरण पेस गरेको थियो । यसैगरी, कतिपय अस्पतालमा उपयोग नभएर रहेका उपकरण आवश्यक परेका स्थानमा पठाउन समेत प्राप्त तथ्यांकले सहजता प्राप्त हुने विश्वास गर्न सकिन्छ ।

सरकारी अस्पतालमा भएका उपकरण प्रयोग नै नगर्ने प्रबृत्ति छ।उपकरण छ त्यसलाई चलाउने जनशक्ति छैन।प्रविधिको विकास भएसंगै त्यसलाई संचालन गर्न सक्ने जनशक्ति तयार नगर्नु सरकारी अस्पतालप्रति जनविश्वास घटाउने काम हो।उपकरण राम्रोसँग चलाउन सक्ने नबनाउनु नीति निर्माताको कमजोरी हो। थोरै खर्च गरेर उपकरण मर्मत पछि संचालनमा आएका छन । शुरुमा उपकरण खरिद गरेर स्टोरमा थन्क्याउने प्रबृत्तिमा नियन्त्रण गर्न उपकरणको पनि अडिट जरुरी थियो।स्वास्थ्य मन्त्रालयले लिएको अग्रसरता सकारात्मक छायो निर्णय कार्यान्वयनमा आउन सकेमा सरकारी अस्पतालमा सर्वसाधारणले गुणस्तरीय सेवा पाउनेछन् ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : शुभ यात्रा |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : स्वास्थ्यमा सुधार |
| मिथुन | : मानसिक तनाब | धनु | : आर्थिक समस्या |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : कार्यमा सफलता |
| सिंह | : शत्रुको भय | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : झमेला बड्ने | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# जीविकोपार्जनको माध्यम बन्दै कबुलियती वन

**पोखरापत्र संवाददाता**
गोरखा, २६ असार

कमजोर आर्थिक अवस्था भएका समुदायलाई कबुलियती वनले जीविकोपार्जनमा सहयोग पुर्‍याएको छ । कबुलियत वन समहूबाट यहाँको गण्डकी गाउँपालिकाका सयौं घरधूरी लाभान्वित भएका छन् ।

गण्डकी गाउँपालिका-२ बिच्छेगैराकी चन्द्रमाया चेपाङले कबुलियत वन समूहमार्फत बाख्रापालन गर्दै आउनुभएको छ । उहाँ २०६२ सालदेखि कबुलियती वन समूहमा आबद्ध हुनुभएको हो । कबुलियती वन बन्नु अघि गाउँभरिका डाँडामा वनमारा थिए । वनबाट आम्दानी हुन्छ भन्ने गाउँलेलाई थाहा थिएन । त्यही बेला जिल्ला वन कार्यालयले गण्डकी गाउँपालिकालगायत जिल्लाको विभिन्न स्थानमा १३१ वटा कबुलियती वन समूह गठन गर्‍यो । "समूह गठन भएपछि पाल्पाको अम्रिसो खेती हेर्न गयौं । अग्लो पहाडभरि अम्रिसो देखेपछि हामी पनि केही गर्न सक्छौं भन्ने लाग्यो", उहाँले भन्नुभयो । चन्द्रमायाको बिच्छेगैरा 'क' कबुलियती वन समूहमा छ घरधुरी आबद्ध छन् । उनीहरु सबै जना चेपाङ समुदायका हुन् । पर्याप्त जग्गा नभएका उनीहरु हाल कबुलियत वनमार्फत बाख्रापालनमा आबद्ध छन् । साथै, मौरीपालन पनि गरिरहेका छन् । "आफ्नो जग्गा जमिन थिएन, वन पनि खाली थियो । पहिला २-४ वटा बाख्रापाल्न मुस्किल हुन्थ्यो । अहिले हरेकको घरमा २०-२५ वटा बाख्रा छ", उहाँले भन्नुभयो, "समूहमार्फत वनमा विभिन्न उन्नत जातको डाले घाँस, भुइँ घाँस लगाएका छौं । बाख्रा बेचेरै मज्जाले घर खर्च चल्छ अहिले ।" केही गर्छु भन्ने समूहहरुलाई कबुलियती वन कार्यक्रमले धेरै सहयोग पुर्‍याएको उनीहरुको भनाइ छ । बाख्रा बेचेर मात्र सो समूहका सदस्यले वार्षिक दुई लाखभन्दा बढी आम्दानी लिने गरेका छन् । चालु आर्थिक वर्षमा सो समूहमा टिमुर खेतीको कार्यक्रम सञ्चालन गरिएको छ । कार्यक्रमअन्तर्गत बिच्छेगैरा 'क' को २.१० हेक्टर क्षेत्रफलमा करिब ६०० बोट टिमुर रोपिएको चन्द्रमायाले बताउनुभयो । "राम्रो उत्पादन गर्न सके टिमुर खेतीबाट आम्दानी गर्न सकिन्छ", उहाँले भन्नुभयो । गण्डकी गाउँपालिका-२ मा मात्र १० वटा कबुलियती वन समूह छन् ।

गण्डकी गाउँपालिका-८ का नेत्र श्रेष्ठ स्थानीय कबुलियती वन समूहमार्फत अम्रिसो खेती गरिरहनुभएको छ । "यसअघि वनमा डाले घाँस मात्र लगाएका थियौं । यो वर्षदेखि अम्रिसो खेती सुरु गरेका छौं", उहाँले भन्नुभयो, "बाख्रापालनबाट राम्रो आम्दानी भइरहेको छ । अब अम्रिसो उत्पादन गर्न सके आम्दानीको स्रोत बढ्ने थियो ।" चालु आर्थिक वर्षमा गण्डकी सव-डिभिजन वन कार्यालयले कबुलियती वन समूहहरुमा अम्रिसो खेती, टिमुर खेती र डाले घाँसको विभिन्न कार्यक्रम सञ्चालन गरेको छ । गण्डकी गाउँपालिका र सहिद लखन गाउँपालिकाको ४, ५ र ६ वडामा यी कार्यक्रम सञ्चालन गरेको गण्डकी सव डिभिजन वन कार्यालयका रवि यादवले बताउनुभयो । कार्यालयले विभिन्न कबुलियती वन समूहमा दुई हजार २०० बोटका दरले टिमुर, डाले घाँस र अम्रिसो लगाएको उहाँले जानकारी दिनुभयो । जिल्लामा कबुलियती वनमार्फत कृषि, पशु विकास तथा भूक्षय नियन्त्रणका कार्यक्रम सञ्चालन गरिएको डिभिजन वन कार्यालय गोरखाका प्रमुख मदन मोहन शाण्डिल्यले बताउनुभयो । सामुदायिक वनलाई टुक्याएर जनतालाई कबुलियती वन हस्तान्तरण गरेपछि आयआर्जनको बाटो खुलेको उहाँले बताउनुभयो ।

"आदिवासी, जनजाति, दलित तथा विपन्न घरपरिवारलाई कबुलियती वन दिइएको छ", उहाँले भन्नुभयो, "कबुलियती वनको अवधारणले गरिबी निवारणका साथै हैसियत बिग्रिएका वनहरु हराभरा बनाउन सहयोग गरेको छ ।" उहाँका अनुसार हाल जिल्लामा २८३ वटा कबुलियती वन समूह छन् ।

# चिमखोला-राहुघाट प्रशारण लाइनको परीक्षण थालियो

**पोखरापत्र संवाददाता**
म्याग्दी, २६ असार

म्याग्दीको राहुघाट वेशिनका जलविद्युत आयोजनाबाट उत्पादित विद्युतलाई केन्द्रीय प्रणालीमा आवद्ध गराउन निर्माण भएको दुई सय २० केभी क्षमताको चिमखोला-राहुघाट प्रशारण लाइनको परीक्षण थालिएको छ।

पैतीस मेगावाट क्षमताको चिमखोला-मंगले राहुघाट, ४८.५ मेगावाट क्षमताको माथिल्लो राहुघाट, २१.३ मेगावाटको ठूलोखोला र २३.५ मेगावाट क्षमताको माथिल्लो ठूलोखोला जलविद्युत आयोजनाको विद्युतलाई केन्द्रीय प्रणालीमा आवद्ध गराउन चिमखोलादेखि गलेश्वर स्थित राहुघाट जलविद्युत आयोजनाको स्वीचयार्ड सम्म १३ किलोमिटर लामो प्रशारण लाइन निर्माण भएको हो । नेपाल विद्युत् प्राधिकरण मार्फत रघुगङ्गा गाउँपालिका-३ अम्बाङमा निर्माणाधिन सवस्टेशन सम्पन्न नहुँदा सम्मको लागि अस्थायी रुपमा राहुघाटको स्वीचयार्डबाट २२० केभी क्षमताको दाना-खुर्कोट प्रशारण लाइन मार्फत केन्द्रीय प्रणालीमा विद्युत पठाउन लागिएको चिमखोला-मंगले राहुघाट र माथिल्लो राहुघाटको प्रर्वद्धक तुँदि पावरका प्रतिनिधि उपेन्द्र गौतमले जानकारी दिनुभयो । चिमखोला-मंगले राहुघाट र ठूलोखोला जलविद्युत आयोजनाको बाँध, सुरुङ, पेनस्टक पाइप लगायत भौतिक संरचना र विद्युतगृहका उपकरणको परीक्षण भइसकेको छ । माथिल्लो राहुघाट र माथिल्लो ठूलोखोला निर्माणको अन्तिम चरणमा छन् । चिमखोला देखि गलेश्वरस्थित राहुघाटको स्विचयार्ड जोड्ने प्रशारण लाइनमा विद्युत आपुर्ती गराएर परीक्षण गराउन थालिएको तुँदिका प्रतिनिधि गौतमले जानकारी दिनुभयो । परीक्षण लगत्तै केन्द्रीय प्रणालीमा विद्युत जोडिने उहाँले बताउनुभयो । चिमखोलादेखि राहुघाटसम्म ३९ टावर छन् । चार आयोजनाले सहकार्य गरेर एउटै प्रशारण लाइन मार्फत विद्युत आपूर्ति गर्ने संरचना बनाएका छन् । एकदेखि अर्को आयोजनाको स्वीचयार्ड सम्म सम्बन्धित आयोजना र त्यसपछि सवस्टेशनतर्फ सहकार्य गरेर प्रशारण लाइन बनाएका हुन् । परीक्षण शुरु भएको प्रशारण लाइनको टावर र तार नछुन तथा राहुघाट नदी किनारमा जाँदा सतर्कता अपनाउन तुँदि पावरले आज एक सार्वजनिक सूचना जारी गरेर प्रभावित क्षेत्रका बासिन्दाहरुलाई आग्रह गरेको छ । रघुगङ्गा गाउँपालिकाको ३, ४ र ७ नम्बर वडामा प्रशारण लाइन र टावर निर्माण भएको छ । विद्युतगृहमा पानी हाल्न थालेपछि नदीको सतह घटबढ हुने हुँदा माछा मार्ने, पौडि खेल्ने, नुहाउने, दाउरा छोप्न नदी किनारमा नजान तथा गाईबस्तु र पशुचौपाया नलैजान आयोजनाले अनुरोध गरेको हो ।

# सात पुल बगाउँदा डेढ करोडभन्दा बढीको क्षति

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २६ असार

उपल्लो मुस्ताङमा अकल्पनीय बाढीले पुर्‍याएको क्षतिको प्रारम्भिक अनुगमनका लागि अनुगमन सुरु भएको छ ।

लोमान्थाङ गाउँपालिका अध्यक्ष टसीनर्बु गुरुङ, उपाध्यक्ष छ्युमी बिष्ट, प्रमुख प्रशासकीय अधिकृत विकास केसी, गाउँपालिकाका प्राविधिक टोली, पाँचवटै वडाका वडाध्यक्ष तथा सदस्यलगायत नेपाल प्रहरी र सशस्त्र प्रहरीका सुरक्षा प्रतिनिधिहरूले संयुक्त रूपमा बाढीले त्यहाँ पुर्‍याएको क्षति यकिन गर्न बुधबार अनुगमन गरेका छन् । बाढीले तीनवटा पक्की पुलसहित गाउँपालिकाको शाखा सडकमा कुल सातवटा पुलमा क्षति पुगेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत केसीले जानकारी दिनुभयो । यसबाट रु डेढ करोडभन्दा बढी नोक्सान भएको अनुमान गरिएको उहाँले बताउनुभयो । प्रमुख प्रशासकीय अधिकृत केसीका अनुसार मङ्गलबार साँझ लोमान्थाङ–४ चुम्जुङस्थित छुआमा खोलाको बाढीले आर्का–भार्सा जोड्ने पक्की पुलसहित तीनवटा पक्की मोटरेबल पुल, एक फलामे पुल र तीनवटा काठेपुलमा पूर्ण क्षति पुगेको छ । बाढीले सडक पुलहरूमा क्षति पुगे पनि मानवीय तथा पशुचौपायामा कुनै क्षति नपुगेको जनाइएको छ । अध्यक्ष गुरुङले लोमान्थाङ गाउँपालिकाभित्रको रिङरोड सडक र अन्य शाखा सडक जोड्ने पक्की पुल र



अस्थायी पुलमा क्षति पुगेको बताउनुभयो । बाढीले पुलहरूमा क्षति पुगेपछि रिङरोड सडकको सवारी आवागमन अवरुद्ध रहेको उहाँले बताउनुभयो । उपल्लो मुस्ताङको लोमान्थाङ-४ स्थित चुम्जुङ गाउँ नजिकैको छुआमा खोलामा अकल्पनीय बाढी हिमताल फुटेका कारण आएको हुनसक्ने आशङ्का गरिएको छ । पानी नै नपर्ने भनेर चिनिएको हिमाली जिल्ला मुस्ताङमा बाढी आउँदाको समय त्यस क्षेत्रमा वर्षा नभएको लोमान्थाङ गाउँपालिका अध्यक्ष गुरुङले बताउनुभयो । "हामीले बाढी आउँदा त्यस स्थान र मुहानको लेकमा मौसमी अवस्था कस्तो थियो भनेर स्थानीयसँग जानकारी लियौं, उनीहरूले त्यस क्षेत्रमा पानी नपरेको जनाएका छन्", अध्यक्ष गुरुङले भन्नुभयो, "यसरी एकाएक बाढी आउनुको एउटै कारण हुनसक्छ, त्यो हो हिमताल फुट्नु ।" लोमान्थाङ–२ छोसेर स्थित नेचुङस्थित सशस्त्र प्रहरी बोर्डर आउटपोस्ट (बिओपी)का सशस्त्र प्रहरी निरीक्षक विष्णुहरि थापाले बाढी आउनाका कारण पत्ता लगाउन गएको टोली चुम्जुङबाट फर्किएको जानकारी दिनुभयो । चुम्जुङस्थित छुआमा खोलाको मुहान भएको लेकमा हिमतालहरू रहेको यार्सा सङ्कलन गर्नेहरूले बताएका उहाँको भनाइ छ । "यहाँ बाढी आउनाको मुख्य कारण हिमपात नै फुटेर हो कि भन्ने हाम्रो अनुमान छ, बाढी आउँदा मुहानको लेकमा पानी परेको थियो भनेर जानकारी आइसकेको छैन", उहाँले भन्नुभयो । यहाँको लोघेकर दामोदरकुण्ड गाउँपालिका अध्यक्ष लोप्साङ छोम्फेल बिष्टले उपल्लो मुस्ताङका शाखा नदीहरूको मुहानमा दर्जनौं हिमताल रहेको जानकारी दिनुभयो । उहाँले जलवायु परिवर्तनका कारण जमिनको तापमान वृद्धि भइरहेकाले उच्चलेकमा रहेका हिमालका हिउँका ढिस्का खसेर हिमपातमा क्षति पुर्‍याउने सम्भावना रहेको उल्लेख गर्नुभयो ।

# दृष्टिविहीनद्वारा सरफ उद्योग सञ्चालन

**पोखरापत्र संवाददाता**
बागलुङ, २६ असार

बागलुङ नगरपालिका-३ रात्माटामा नेत्रहीन कालिका सरफ उद्योग सञ्चालनमा ल्याइएको हो । नेत्रहीनले मागेर होइन पौरख गर्न सक्छन् भन्ने सन्देश दिने उद्देश्यले नगरको सहयोगमा उद्योग सञ्चालनमा ल्याइएको हो ।

'सक्दैनौं नहेर हेपेर
हामीलाई अपाङ्ग देखेर'

नेत्रहीन सङ्घ बागलुङका पूर्वअध्यक्ष हरिदत्त शर्माले नेत्रहिनले स्थापना गरेको उक्त उद्योगको उद्घाटनसत्रमा स्वागत गर्दै उक्त गीतको अंश उच्चारण गर्नुभएको थियो । अपाङ्गता भएका कारण समाजले हेर्ने दृष्टिकोणलाई बदल्न उद्योग सञ्चालनमा ल्याइ स्वरोजगारीमार्फत सहज रूपमा जीवनयापन गर्ने उद्देश्यले उद्योग स्थापना गरिएको उहाँले बताउनुभयो । शर्माले गीतमा भने जस्तै अब नेत्रहीन मागेर हैन पौरख गर्न सक्दछ भन्ने सन्देश दिने अभिप्रायले नगरपालिकाले सहयोग गरेको नगर कार्यालयले जनाएको छ । तत्काल चार जनालाई रोजगारी दिनेगरी रु आठ लाख लागतमा कपडा धुनका लागि प्रगोग गरिने सरफ उद्योग सञ्चालनमा ल्याइएको हो । उद्योगको बागलुङ नगरपालिकाका प्रमुख वसन्तकुमार श्रेष्ठले उद्घाटन गर्नुभएको थियो । नगरप्रमुख श्रेठले उद्योग स्थापनामा सघाएको बागलुङ नगरपालिकाले उद्योगबाट उत्पादन भएको सरफको बजारीकरणमा पनि सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो । उहाँले नगरले सोही सरफ प्रयोग गर्ने जनाउँदै बागलुङ बजारमा सरफको बजारीकरणमा नगरले सहजीकरण र समन्वय गर्ने बताउनुभयो । उहाँले उद्योगको निरन्तरताका लागि नेत्रहीन सङ्घ सक्रिय भएर लाग्न आग्रह गर्नुभयो । एक जना सबलाङ्गा कर्मचारीलाई बुटवलमा प्रशिक्षण दिएपश्चात् बागलुङको रात्माटाको सामुदायिक भवनबाट उद्योग सञ्चालनमा ल्याइएको प्रमुख श्रेष्ठले जानकारी दिनुभयो । उद्योग स्थापनाका लागि नगरले रु चार लाख सहयोग गरेको यहाँस्थित नेत्रहीन सङ्घका सचिव विकल थापाले बताउनुभयो । उहाँका अनुसार आगामी दिनमा बागलुङका दृष्टिविहीन मागेर हैन गरेर खाने अवस्थामा पुग्ने विश्वास व्यक्त गर्नुभयो । "अब दृष्टिविहीनहरू चोकमा गीत गाउँदै माग्दै हिँडेर भएन, उद्योगमा उत्पादन भएको सरफको बजारीकरण गर्दै हिँड्न पर्‍यो, कालिका शक्ति सरफ उत्पादन गरी बजारमा ल्याएका छौं, हरेक दिन तीन सय प्याकेट उत्पादन क्षमता रहेको यस उद्योगलाई नगरले रु चार लाख सहयोग गरेको छ", थापाले भन्नुभयो, "बजारीकरणमा नगरले सहजीकरण गर्ने प्रतिबद्धता जनाएकाले नेत्रहीन साथीहरूले पनि कर्मचारीको सहयोगमा 'प्याकेजिङ' तथा बजारीकरणमा सघाउँन सक्नेछन् ।" नेत्रहीन सङ्घका अध्यक्ष कुमार पुनले अब नेत्रहीन साथीहरू उद्यमी बन्ने वातावरण सङ्घले तयार गरेको बताउनुभयो।उहाँलेनगरपालिकाले दिएको सामुदायिक भवनबाट उद्योग सञ्चालनमा ल्याइएको जनाउँदै नेत्रहीनहरूले कम्तीमा घर खर्च चलाउने वातावरण सृजना गर्न उद्योग सहयोगी बन्ने विश्वास व्यक्त गर्नुभयो । बागलुङ नगरपालिकाका उपप्रमुख राजु खड्का, बागलुङ-३ का वडाध्यक्ष लक्ष्मण केसी, पत्रकार महासङ्घ बागलुङका कोषाध्यक्ष खेमराज गौतम, अपाङ्ग सरोकार सङ्घका अध्यक्ष चिजा थापा र टीकाराम सापकोटालगायतले सफलताको शुभकामना व्यक्त गर्नुभएको थियो । नेत्रहीन सङ्घ बागलुङका अध्यक्ष कमल थापाको अध्यक्षता सम्पन्न भएको कार्यक्रममा पूर्वअध्यक्ष शर्माले स्वागत र सचिव थापाले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# छ करोडमा अस्पताल भवन निर्माण

**पोखरापत्र संवाददाता**
म्याग्दी, २६ असार

अन्नपूर्ण गाउँपालिका-७ हिस्तान औलामा रु छ करोडमा अस्पताल भवन निर्माण भएको छ।

सघन सहरी विकास तथा भवन आयोजनाले पाँच शैयाको अस्पताल गर्न भवन निर्माण गरेको हो । वडाध्यक्ष मइलन पुनका अनुसार औलामा रहेको स्वास्थ्यचौकीको भवन पहिरोको जोखिममा परेपछि नयाँ भवन निर्माण गरिएको हो । नयाँ भवनबाट चाँडै सेवा प्रवाह गर्ने तयारी भइरहेको छ । भवनमा कर्मचारी तथा स्वास्थ्यकर्मीका लागि आवासको व्यवस्था गरिएको छ।

भवन निर्माणका निम्ति हर्कबहादुर गरबुजालगायत पाँच जना स्थानीयले पाँच रोपनी जग्गादान गर्नुभएको थियो ।

# पर्यटकको नयाँ गन्तव्य बन्दै ‘साम्बा चोक’

जनक श्रेष्ठ
लमजुङ, २६ असार/रासस

फुटबल खेलाडी सावित्रा भण्डारी ‘साम्बा’को सम्मानमा नामकरण गरिएको साम्बा चोक यतिबेला पर्यटकको नयाँ गन्तव्य बन्न थालेको छ । मर्स्याङदी गाउँपालिका-९ खुदीपुल वारिको क्षेत्रलाई ‘साम्बा’ चोक नामकरण गरेसँगै यतिबेला पर्यटकको नयाँ र मुख्य गन्तव्य बन्न थालेको हो ।

मर्स्याङ्दी गाउँपालिकाले सावित्राको फोटोको होर्डिङबोर्ड बनाएर स्तम्भ स्थापना गर्दै सो क्षेत्रलाई साम्बा चोक नामकरण गरेसँगै यतिबेला पर्यटकको नयाँ गन्तव्य बन्न थालेको हो । मर्स्याङ्दी गाउँपालिका अध्यक्ष अर्जुन गुरुङका अनुसार फुटबल क्षेत्रमा स्थापित उहाँलाई सम्मान गर्न साम्बा चोक नामकरण गरिएसँगै यतिबेला विभिन्न स्थानबाट पर्यटकको आगमन हुन थालेको छ । पालिकावासी, जिल्लावासी, पर्यटक तथा खेलकुदप्रेमीका लागि यस स्थानमा घुम्न उपयुक्त हुनेछ, यतिबेला यहाँ जिल्लाको विभिन्न स्थानदेखि छिमेकी जिल्ला मनाङ, गोरखा, तनहुँ, कास्की, काठमाडौँबाट समेत पर्यटक आउन थालेका छन् । स्थानीय प्रदिप गुरुङका अनुसार पर्यटक यहाँ साम्बाको चोक तथा साम्बाको तस्बिरसँग सेल्फी तथा फोटो खिच्ने, भिडियो बनाउने, टिकटक बनाउँदै रमाउने गरेका छन् । डुम्रे-बैँसीसहर-चामे सडकखण्डमा पर्ने साम्बा चोकमा बैँसीसहरबाट खुदी भुलुभुले, घनपोखरा, सिउरुङ, हिमाली जिल्ला मनाङ जाने र ती स्थानबाट बैँसीसहरतर्फ आउने यात्रीसमेत एकैछिन सवारीसाधन रोकेर यात्रीहरूले साम्बा चोकको अवलोकन गर्ने, फोटो, भिडियो बनाउने गर्छन् । यहाँ दैनिक पाँच सय जनाभन्दा बढी पर्यटक आउने गरेका र बिदाका समयमा दोब्बर आउने गरेको बताइएको छ । यहाँ आएका पर्यटक शङ्कर घिमिरेले भन्नुभयो, “महिला फुटबल खेलाडीको स्तम्भ तथा होर्डिङ बोर्ड राखेर नामकरण गरेर साम्बा चोक राखेको थाहा पाएपछि अवलोकन तथा घुम्न आएको हुँ ।”

यहाँ आइपुग्दा निकै खुसी लागेको र मनै आनन्द प्राप्त भएको उहाँको भनाई छ । त्यस्तै, अर्का पर्यटक मर्स्याङ्दी गाउँपालिका वडा नं. ३ ढगैंका पुर्ण गुरुङले भन्नुभयो, पालिकाकै चेली सावित्राको नाममा बाट नामरण भएको साम्बा चोकमा आउँदा गर्व लागेको र यस चोकको अझै प्रचारप्रसार गर्न सके पर्यटक वृद्धि हुनेछ । साम्बा चोक हेर्न, अवलोकन गर्न तथा विभिन्न तरिकाले रमाउन पर्यटक आगमन हुँदा यहाँ आसपासका होटल व्यवसायसमेत फस्टाउन थालेको होटल व्यवसायीहरूको भनाइ छ । अन्नपूर्ण पदमार्ग अन्नपूर्ण मनाङ जाने सडकमा अवस्थित मर्स्याङ्दीको चर्चित खुदीबजार पुलको चोकलाई साम्बा चोक नामकरण गरेर उहाँको जन्मस्थानको पहिचान र प्रचारमा थप टेवा पुगेसँगै यहाँ पर्यटक आगमन वृद्धि हुँदै गएको वडाध्यक्ष हरिशचन्द्र थापाले बताउनुभयो । गाउँपालिकाका सूचना अधिकारी सुरेश गौतमका अनुसार साम्बाको होर्डिङ बोर्ड र स्तम्भ निर्माण गर्न करिब पौने दुई लाख खर्च भएको छ । यही जेठ ५ गते यहाँ साम्बा चोक नामकरण भएयता पर्यटक दैनिक वृद्धि हुँदै गएको र यसको अझै प्रचारप्रसार गर्दै पर्यटक वृद्धि गर्न लाग्नुपर्ने स्थानीयको भनाइ छ । साम्बा चोक पुग्न लमजुङ सदरमुकाम बैँसीसहरबाट करिब आठ किलोमिटर दूरी सवारी साधनमा २०-३० मिनेटमा पुग्न सकिन्छ । खेल जगत्मार्फत नेपाललाई विश्वसामु थप चिनाउन अहम् भूमिका खेल्दै आउनुभएकी भण्डारी लमजुङ तत्कालीन सिम्पानी गाविस-७ हाल मर्स्याङ्दी गाउँपालिका-९ पामचोक गाउँमा हुर्किएको हो । थमन भण्डारी र मुना भण्डारीको कोखबाट २०५३ साल जेठ १५ गते माइली छोरीका रुपमा जन्मिएकी हुन् सावित्रा । सावित्रा भण्डारी नेपाली फुटबल क्षेत्रमा साम्बा उपनामले परिचित हुनुहुन्छ । सशस्त्र प्रहरी बल क्लबबाट व्यावसायिक फुटबल खेल्न सुरु गर्नुभएकी साम्बाले हाल नेपाली महिला फुटबल टोलीको सर्वाधिक उच्च गोलकर्ता हुनुहुन्छ । साबित्रा अन्तरराष्ट्रिय प्रतियोगितामा सर्वाधिक गोल गर्ने नेपाली खेलाडी पनि हुनुहुन्छ । नेपाली महिला फुटबलको क्षेत्रमा उदयमान नक्षत्रका रूपमा परिचित हुनुअघि भण्डारीलाई लमजुङकै आफ्नै गाउँ नजिकै रहेको खुदीस्थित मनास्लु युवा क्लबमा सहभागी भएर फुटबल खेल्ने अवसर मिल्यो । उक्त क्लबमा आबद्ध भएर क्व्होलासोथर गाउँपालिका-३ स्थित दक्षिण एसियाकै नमूना घलेगाउँमा आयोजना गरिएको फुटबल प्रतियोगितामा सहभागी भएको थियो । उक्त बेला महिला फुटबल प्रतियोगितामा भण्डारी सहभागी भएको टिम मनास्लु युवा क्लब प्रथम भएको थियो । गोल गर्ने उत्कृष्ट कला, सेलिब्रेसन गर्ने शैली अनि हेअर स्टाइलले गर्दा पनि साम्बा नामले समेत परिचित भण्डारी अरू फुटबलरभन्दा फरक रुपमा स्थापित हुँदै आउनुभएको छ ।

जिल्लाको गाउँको खेतका गहराबाट दशरथ रङ्गशाखा हुँदै युरोपको रङ्गशालासम्म पुग्नुभएको भण्डारी यतिबेला युरोपेली देश फ्रान्सेली महिला फुटबलको माथिल्लो डिभिजनमा खेल्ने अन आभान्टा ग्वेनगाम्पले डेढ वर्षका लागि अनुबन्ध गरेर भण्डारीले त्यहाँ फुटबल खेल्न थालेको छ । सोअघि इजरायलको हापोएल रानानाबाट खेलेसँगै युरोपमा व्यावसायिक फुटबल खेल्ने पहिलो नेपाली खेलाडी पनि भण्डारी नै हो ।

# बाढीका कारण एक अर्बभन्दा बढीको क्षति

पोखरापत्र संवाददाता
बागलुङ, २६ असार

अविरल वर्षाका कारण मङ्गलबार राति आएको बाढीले बागलुङको जैमिनी नगरपालिका-९ पैयुँथन्थापमा करिब रु एक अर्ब चार करोड बराबरको क्षति पुऱ्याएको छ ।

पैयुँथन्थाप-९ हुँदै बग्ने कालुङखोलामा आएको बाढीले कालुङखोला जलविद्युत् आयोजनामा पूर्ण रूपमा क्षति पुऱ्याएको छ । जलविद्युत् आयोजना बगाउँदा झन्डै रु दुई करोड बराबरको क्षति भएको जैमिनी नगरपालिका उपप्रमुख हरिहर शर्माले बताउनुभयो । आयोजनामाक्षतिपुग्दात्यसठाउँका १२२ घरपरिवार अन्धकारमा बस्न बाध्य भएका छन् । बाढीले सोही ठाउँमा मात्रै रु ३५ लाख खर्चेर निर्माण गरिएको पुल बगाएको छ । केन्द्रीय विद्युत् प्रसारण लाइनको ‘ट्रान्सफर्मर’मा समेत क्षति पुऱ्याएको छ ।

यस्तै, त्यस ठाउँको खेतीयोग्य जमिन बगरमा परिणत भएको छ । वार्षिक आठ सयदेखि एक हजार मुरी धान उत्पादन हुने खेत बगरमा परिणत भएको उपप्रमुख शर्माले बताउनुभयो । बाढीका कारण छ घर पहिरोको उच्च जोखिममा परेका छन् । स्थानीय कुलबहादुर थापा, टेकबहादुर थापा, खड्गबहादुर थापा, केयरसिंह थापा, पहलसिंह थापा र खेमबहादुर थापाको घर पहिरोको उच्च जोखिममा परेको बताइएको छ । बाढीले ठेउलेका पाँच घर जोखिममा परेका छन्, दुई गोठमा पूर्ण क्षति भएको छ ।

टेकबहादुर र खड्कबहादुरको गोठमा क्षति पुऱ्याएको छ । टेकबहादुरको गोठमा रहेको एक गोरु मरेको छ । बाढीले कुश्मीसेरा-पैयुँथन्थाप-राङखानी हुँदै बरेङ जाने सडकसमेत अवरुद्ध भएको छ । त्यस ठाउँका १० वटा सिँचाइ कुलोमा क्षति पुगेको छ । विभिन्न क्षति मूल्याङ्कन गर्दा करिब रु एक अर्ब चार करोड बराबर क्षति भएको अनुमान गरिएको उपप्रमुख शर्माले बताउनुभएको छ ।

# किसानलाई बाली जोगाउनै सकस

पोखरापत्र संवाददाता
बागलुङ, २६ असार

बागलुङको जैमिनी नगरपालिका-५ की बिना थापाको हिजोआजको दैनिकी बाँदर धपाउँदै बित्छ ।

मकैबारी छेउमा घामपानी छेक्नलाई सानो छाप्रो बनाइएको छ । त्यही छाप्रोमा थापाको दिन बित्ने गरेको छ । थापाका साथमा एउटा लट्ठी, थाल र केही काठका टुक्राहरू हुन्छन् । बेलाबेला उहाँ थाल बजाउँदै चिच्याउनुहुन्छ । यसरी चिच्याउँदा बाँदर बारीमा नआउने उहाँ बताउनुहुन्छ । “यो थाल र लौरो त मेरो साथमा सधैँ हुन्छ, यहाँ थाल बजाएर हल्ला गऱ्यो भने बाँदर बारीमा आएर मकै खान्न, शान्त भएर बस्यो भने एकैछिनमा ५०/६० वटा बाँदरको समूह आएर मकै एकैछिनमा सखाप पार्छ”, थापाले भन्नुभयो, “यतिबेला मकैले कोसा हाल्न थालेको छ, बाँदर पस्यो भने त केही बाँकी राख्दैन, सबै च्यातेर नष्ट गरिदिन्छ ।” अब मकै नभित्र्याउँदासम्म बारीमै बास हुने उहाँले सुनाउनुभयो । एक दशक अगाडिसम्म गाउँमा बाँदर फाटफुट आए पनि हालको जस्तो हुल नै नआएको थापाले स्मरण गर्नुभयो । बारीमा गोठालो नबस्ने हो भने गाउँभरिको बारी एकदिनमै सखाप पार्ने अवस्था छ । बाँदर धपाउनका लागि अनेक जुक्ति अपनाए पनि त्यसले काम नगरेपछि हाल दैनिक बारीमै बस्ने गरेको थापाले सुनाउनुभयो । बिना जस्तै स्थानीय कुलबहादुर थापाले पनि आफ्नो दिन पनि बाँदर धपाउनैमा बित्ने गरेको बताउनुभयो । खाना खान पनि पालो गरी खानुपर्ने अवस्था रहेको उहाँले सुनाउनुभयो । “परिवारमा धेरै सदस्य हुनेलाई सहज भए पनि थोरै हुनेलाई गाह्रो छ । बाँदरका कारण हरेक वर्ष उत्पादन घट्ने गरेको छ । हामीलाई बाँदरले धेरै दुःख दियो । पहिले १२/१५ मुरी मकै फल्थ्यो, हाल बाँदरबाट जोगाउन सकियो भने पाँच/सात मुरी भित्र्याउने गरेको छु”, थापाले भन्नुभयो । हाल जिल्लाका अधिकांश किसानको बारी छेउछाउमा ससाना त्रिपालका छाप्रा देखिन्छन् । छाप्रामा दैनिक एक-दुई जना बाँदर धपाउने कृषक पनि हुन्छन् । बाँदरका कारण गाउँका धेरै स्थानीयले बसाइँसराइ गर्न बाध्य भएको सुनाउँछन् । जैमिनीमा बाँदर आतङ्क बढ्नुको मुख्य कारण बसाइँसराइ रहेको नगर उपप्रमुख हरिहर शर्माले बताउनुभयो । आफूहरूले बाँदर नियन्त्रणका लागि अघिल्लो वर्षदेखि नै बाँदर पार्क बनाउने गरी योजना बनाएको उहाँले जानकारी दिनुभयो । अब बाँदरबाट प्रभावित किसानलाई पनि राहत दिनेगरी योजना बनाइने उपप्रमुख शर्माले सुनाउनुभयो । काठेखोला गाउँपालिका-१ का नरबहादुर पुनले बर्खामा मात्रै नभएर हिउँदमा पनि बाँदरले दुःख दिने गरेको बताउनुभयो । घरको आँटीमै पुगेर अन्न खाइदिने र सामान फुटाइदिने गरेको उहाँको दुखेसो छ । हाल बाँदर मान्छेसँग पनि डराउन छोडेका पुनले सुनाउनुभयो । “पहिले बाँदर मान्छे देख्यो भने भागिहाल्थ्यो, हाल त उस्तै परे कोपार्न र लड्न आउँछन् । गाउँमा मान्छेभन्दा बाँदरको सङ्ख्या धेरै हुन थाले, छरछिमेकी पनि अब गाउँमा बस्न सकिँदैन भन्दै सहर बजार झरे । हाम्रो बजार झर्ने धन पनि छैन, यहीँ बाँदरसँग लड्दै बस्नुबाहेक अरू विकल्प छैन”, उहाँले भन्नुभयो ।

जैमिनीबाट पछिल्लो दुई वर्षमा मात्रै ४८२ परिवारका एक हजार ७०९ जनाले गाउँ छोडेका छन् । तथ्याङ्कअनुसार विसं २०८० मा २६३ परिवारका ९४७ जनाले बसाइँसराइ गरेका छन् भने २०८१ मा २१९ परिवारबाट ७६२ जनाले गाउँ छोडेका छन् । दुई वर्षको अवधिमा २६ घरपरिवारका ८६ जना बाहिरबाट जैमिनी आएको नगरपालिकाले जनाएको छ । यस्तै, विसं २०८० मा नौ परिवारका ४२ जना र २०८१ मा १७ परिवारका ४४ जना जैमिनी आएका छन् ।

# बन्दीपुरमा ‘आफ्नो गाउँ: रमाइलो बनाउँ’ कार्यक्रम

रासस
दमौली, २६ असार



जिल्लाको पर्यटकीय नगरी बन्दीपुरले ‘आफ्नो गाउँः रमाइलो बनाउँ’ अभियानमार्फत हरेक बस्तीलाई पर्यटकीय केन्द्रका रूपमा विकास गर्ने भएको छ ।

गाउँपालिकाले पर्यटनलाई उच्च प्राथमिकतामा राख्दै हरेक बस्तीलाई पर्यटकीय केन्द्रका रूपमा विकास गर्न साझेदारी गरी ग्रामीण सौन्दर्यीकरण तथा उज्यालो बन्दीपुर र ढुङ्गा छपनीको कार्यक्रमलाई अगाडि बढाउन लागेको हो ।

गाउँपालिकाले एसियाको ठूलो दाबी गरिएको सिद्धगुफा, पातलद्वार गुफा, शङ्खे गुफालगायत गुफाको संरक्षण र प्रवर्द्धन गरी पर्यटकीय गतिविधि सञ्चालन गर्ने नीति लिएको गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “बन्दीपुर स्वदेशी तथा विदेशी पर्यटकको आकर्षक गन्तव्यस्थल हो । पर्यटकीय क्षेत्र भएकाले हामीले पर्यटनलाई उच्च प्राथमिकतामा राखेर नीति तथा कार्यक्रम बनाएका छौँ ।” थापाले पर्यटनबाट बन्दीपुरको राजस्वलाई वृद्धि गर्न विभिन्न पर्यटकीय पार्क तथा पर्यटनमैत्री खेलमा सहभागी गराइ दस्तुर सङ्कलनलाई विस्तार गरिने बताउनुभयो । बन्दीपुरभित्र बाइसेचौबिसे राज्यको पालाका चर्चित गढी हुस्लाङकोट, चन्द्रकोटको र अन्य गढीहरूको इतिहास अध्ययन गरी यसको संरक्षण गरिने उहाँले उल्लेख गर्नुभयो । बन्दीपुरको शिरका रूपमा रहेको थानीमाइ मन्दिर र मुकुन्देश्वरी दरबार संरक्षण गरी मन्दिरको निर्माण गर्ने बताउँदै थापाले पर्यटनमैत्री पूर्वाधार निर्माणलाई मणिमुकुन्दसेन पदमार्ग, ‘रकगार्डेन’ र रकम ‘क्लाइम्बिङ’ निर्माणलाई निरन्तरता दिने जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “पदमार्ग पर्खालले यहाँ आउने पर्यटकको ध्यान खिचेको छ । यसको काम अन्तिम चरणमा पुगिसकेको छ । मिनी ग्रेटवालका रूपमा परिचित यसलाई आगामी वर्षभित्रै निर्माण सम्पन्न गर्नेछौँ ।”

बन्दीपुरको धार्मिक पर्यटन प्रवर्द्धन गर्नका लागि यहाँ परापूर्व कालदेखि मान्दै आइएका मठमन्दिर मुकुन्देश्वरी, थानीमाइ, खड्कमाय, भुत्याइ बराह, सन्तानेश्वर महादेव, मुलपानीका महादेव मन्दिर, तीनधारा महादेव, पहाडपानीको महादेव मन्दिर संरक्षण र सम्वर्द्धन गरी यसलाई पर्यटनसँग जोड्ने लक्ष्य लिइएको थापाले बताउनुभयो ।

उहाँले भन्नुभयो, “यहाँको दिगो पर्यटन विकास र पर्यटकको बसाइँ अवधि लामो बनाउनका लागि छिमेकी पालिकाहरूसँगको समन्वयमा विभिन्न पर्यटकीय स्थानको प्रवर्द्धन र विकास गरिनेछ ।”

सहासिक पर्यटनको प्रचुर सम्भावना रहेको ‘रकक्लाइम्बिङ’, ‘प्याराग्लाइडिङ’, ‘साइक्लिङ’, ‘क्यानोनिङ’, जलविहारलगायत खेलको प्रवर्द्धन गर्दै कार्यक्रम सञ्चालन गरिने गाउँपालिकाका अध्यक्ष थापाले जानकारी दिनुभयो । उहाँका अनुसार यहाँ जापान, चीन, इटाली, स्पेन, नेदरल्याण्ड, फ्रान्स, अमेरिका, जर्मनी, डेनमार्क, पाकिस्तान, अष्ट्रेलिया, बेलायत, आयरल्याण्ड, दक्षिण कोरिया, बेल्जियम, थाइल्याण्ड, ताइवान, स्वीटजरल्याण्ड, मलेसिया, होल्याण्ड, पोर्चुगल, चेक रिपब्लिक, इरान, भारत, ग्रिस, अर्जेन्टिनालगायत देशका पर्यटक आउने गरेका छन् ।

खड्गदेवी मन्दिर, थानीमाइ मन्दिर, महालक्ष्मी मन्दिर, सिद्धगुफा मणिमुकुन्दसेन पैदलयात्रा (मिनी ग्रेटवाल), तीनधारा, झरना र पानीको फोहरा, टुँडिखेल, मणिमुकुन्द सेन दरबार, पदम पुस्तकालयलाई गाउँपालिकाले प्रमुख गन्तव्यका रूपमा सूचीकृत गरेको छ । भक्तपुरे शैलीमा निर्माण गरिएको घरहरु, टुँडिखेल, थानीमाई, तीनधारा, रानीबन, रामकोट, सुनखरी, खड्देवी मन्दिर, विन्ध्यवासिनी मन्दिर, महालक्ष्मी मन्दिर, सूचना केन्द्रलगायत स्थल यहाँ आउने पर्यटकहरूको आकर्षक केन्द्रबिन्दु बन्ने गरेका छन् ।

# संसद् भवनमा ड्रोन खसालेको आरोपमा पाँच जना नियन्त्रणमा

रासस
पोखरा, २६ असार

सङ्घीय संसद् भवनमा ड्रोन खसालेको आरोपमा प्रहरीले पाँच जनालाई नियन्त्रणमा लिएको छ ।

जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता एवं प्रहरी उपरीक्षक अपिलराज बोहराका अनुसार काठमाडौँ महानगरपालिका-१०नयाँबानेश्वर, सुवर्णमार्गस्थित टेकस्पायर कलेजका प्राध्यापक एवं कोर्स को-अर्डिनेटर विजयबाबु रेग्मी, सोही कलेजका विद्यार्थीहरू समन महर्जन, सुजल काजी श्रेष्ठ, समिप खतिवडा र अफ्ताव रेजा रहेका छन् ।

उहाँले भन्नुभयो, “सङ्घीय संसद् भवनमा ड्रोन खसालेको आरोपमा पाँच जनालाई नियन्त्रणमा लिई जिल्ला प्रशासन कार्यालय काठमाडौँमा उपस्थित गराइएको छ ।” यही असार २४ गते बिहान ९:३० बजे सङ्घीय संसद भवन (उडान निशेधित क्षेत्र) को दक्षिणतर्फको छतमा एक थान ड्रोन फेला परेको र टेकस्पायर कलेजको लोकेशनबाट सो ड्रोनले उडान सुरु गरेको देखिएको प्रहरीले जनाएको छ । कलेजका प्रधानाध्यापक लक्ष्मण पोखेलले प्राध्यापक एवं विद्यार्थीहरुलाई उक्त ड्रोन निर्माण गरी परीक्षण गर्न भनि यही असार १३ गते लिखित रुपमा सेमेस्टर कार्य दिइएको भन्ने बुझिएको प्रहरी प्रवक्ता बोहराले बताउनुभयो ।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २६ रोयल ट्रेक वडा नं. २६ र २८ मा निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः रोयल ट्रेक वडा नं. २६ र २८
ठेगानाः पोखरा-२६, सिलिङ्गे
योजना सम्झौता मिति : २०८२/०१/३० गते
योजना शुरु हुने मिति : २०८२/०१/३१ गते
योजना सम्पन्न हुने मितिः २०८२/०३/२२ गते
योजनाको कुल लागतः रु. १७,०४,०००।-
महानगरपालिकाबाटः रु. १३,५०,०००।-
जनसहभागिताबाटः रु. ३,५४,०००।-
उपभोक्ता समिति अध्यक्षः विशाल राजभाट
सम्पर्क नं.: ९८१४१०३४८१
उपभोक्ता समिति सदस्यः ७ जना

**रोयल ट्रेक वडा नं. २६ निर्माण उपभोक्ता समिति**
**पोखरा-२६, सिलिङ्गे**

**नेपाल सरकार**
**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**
**भूमि व्यवस्थापन तथा अभिलेख विभाग**
**मालपोत कार्यालय, कास्की**

## मालपोत कार्यालय कास्की पोखराबाट प्रकाशित भएको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मिति २०८२/०३/२६

कास्की जिल्ला मौजे पुराना अर्धौ १६/५३ नं. का जि.मु. पृथ्वीलालको तुलारी भडारी जिम्मा साविक १९९१ सालको पाखो तर्फको मोठ लगत उतार बमोजिम मोठ नं. ६२१ द.नं. २३ वसंत भडारी जैसीको नाउँमा साविक दर्ता भएको २०३३ सालसम्मको तिरो राम प्रसाद भंडारीबाट तिरेको भु.सु. ७ नं. फाराममा लगत दियको सर्भे नापीमा झाझरमारे-२ को कि.नं. १०१ क्षे.फ. १-४-३-३ विरहमा खर किसिममा चाहार भएको १ कित्ता जग्गा फिल्डबुकमा राम प्रसाद भण्डारीको नाउँमा कायम भएको कि.का. भई दर्ता छुट हुन गएको मैले नै भोगचलन गर्दै आईरहेको मेरो नाउँमा रहेको उक्त जग्गाको हकदार म नै रहेको हुँदा मेरो नाउँमा छुट जग्गा दर्ता गरीपाउँ भनी कास्की जिल्ला साविक कालीका -२ हाल पोखरा म.न.पा. वडा नं. २८ बस्ने राम प्रसाद भण्डारीले यस कार्यालयमा एकलौटी माग निवेदन पेश गर्नुभएको हुँदा उक्त जग्गामा यस अघि कसैले कारवाही चलाएको भए वा निजको माग बमोजिम छुट जग्गा दर्ता गर्न नमिल्ने वा दर्ता हुन नपर्ने कुनै कारण भए वा तपशिलमा उल्लेखित जग्गामा अरु कसैको हक लाग्ने भए वा सरकारी सार्वजनिक पर्न गए यो सूचना प्रकाशित भएको मितिले ३५(पैतिस) दिन भित्र सवुद प्रमाण सहित दावी उजुरी गर्न आउनुहोला । अन्यथा कानुन बमोजिम भै जानेछ । पछि कसैको उजुर वाजुर लाग्ने छैन ।

तपशिलः-

| जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | विरह | किसिम | फिल्डबुकको व्यहोरा |
|---|---|---|---|---|---|---|---|
| कास्की | झाझरमारे | २ | १०१ | १-४-३-३ | खर | चाहार | राम प्रसाद भण्डारी |

ईति संवत २०८२ साल आसाढ २६ गते रोज ५ शुभम् ।